**स्वशासन अध्ययन प्रतिष्ठानको उन्नाईसौं वार्षिक साधारण सभा २०८० पुष १ गते आइतबारका दिन प्रतिष्ठानका कार्यकारी अध्यक्ष श्री पुरुषोत्तम नेपालको अध्यक्षतामा बसी देहायानुसारका निर्णयहरू पारित भयो ।**

**सदस्यहरू**

| | |
|---|---|
| संस्थापक/आजीवन सदस्यहरू ४१ | उपस्थित सदस्य संख्या २५ |
| संस्थागत सदस्यहरू ३ | उपस्थित सदस्य संख्या ३ |
| कर्मचारीहरू ३ | |
| जम्मा सदस्य संख्या ४४ | जम्मा उपस्थित सदस्य संख्या २८ (६४%) |

**निर्णयहरू**

**१.** कार्यकारी अध्यक्ष श्री पुरुषोत्तम नेपालद्वारा प्रस्तुत आ. व. २०७९/८० को कार्यप्रगति तथा आ. व. २०८०/८१ को नीति तथा कार्यक्रमहरू सर्वसम्मतले पारित गरियो ।

१.१ आ. व. २०७९/८० मा सम्पन्न कार्यक्रमहरू,

क. परिवर्तन परियोजना कार्यान्वयन

१) स्थानीय नागरिकहरुमा सचेतना अभिवृद्धि

२) स्थानीय शासन प्रक्रियामा नागरिक सहभागिता वृद्धि

३) स्थानीय तह र नागरिक समाज संस्थाको क्षमता विकास

४) स्थानीय-प्रदेश तह समन्वय र सहकार्यको वातावरण निर्माण

ख. ललितपुर महानगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यबस्थित गर्ने नियमावली निर्माण

ग. गाउँ/नगरपालिकाको लागि सामाजिक परिचालन कार्यविधि, २०८० निर्माण

घ. राष्ट्रिय विपद् व्यवस्थापन तालिम केन्द्र स्थापनाको लागि अवधारणा तयारी

ङ. आगलागी नियन्त्रण तथा व्यवस्थापन केन्द्र स्थापनाको लागि अवधारणा तयारी

च. सार्वजनिक सेवाप्रवाह र नागरिक सहभागिता सम्बन्धी अध्ययन अनुसन्धान

१.२ आ.व. २०८०/८१ मा अवलम्वन गर्ने नीतिहरु

क. स्थानीय तथा राष्ट्रिय सरोकारका विषयहरुमा अध्ययन, अनुसन्धान, अन्तरक्रिया गरी सरकारलाई पृष्ठपोषण गर्ने ।

ख. सम्वन्ध विकास, साझेदारी, समन्वय र प्रतिष्पर्धाका आधारमा कार्यक्रमहरु खोज गरी कार्यान्वयन गर्ने ।

ग. प्रतिष्ठानसँग समान प्रकारका कार्य गर्ने राष्ट्रिय/अन्तरराष्ट्रिय संघ संस्था र निकायहरुसंग समन्वय, सञ्जाल र सहकार्य गर्ने ।

घ. जानकारी र तथ्य तथ्यांकहरु सार्वजनिक गर्दै जाने नीति अनुरुप अर्धवार्षिक रुपमा प्रकाशन गरिएको स्वायत्त शासन बुलेटीनको प्रकाशनलाई निरन्तरता दिने ।

ङ. स्थानीय तह र संघ तथा प्रदेश तहका सरकारहरुको क्षमता विकास लगायतका कार्यहरुमा सहयोग र साझेदारी गर्ने

२. प्रतिष्ठानका कोषाध्यक्ष श्री सूर्यशरण रेग्मीद्वारा उन्नाईसौं वार्षिक साधारण सभामा प्रस्तुत आ.व. २०७९/८० को आर्थिक प्रतिवेदन र आ.व. २०८०/८१ को अनुमानित आयव्यय विवरण सर्वसम्मतले पारित गरियो ।

२.१ अठारौं वार्षिक साधारण सभाबाट स्वीकृत अनुमानित रु. १ करोड ५७ लाख ३८ हजार रुपैयाँको आयव्यय विवरण रहेकोमा प्रतिष्ठानले गत आ.व. २०७९/८० मा कूल रु. १ करोड ४८ लाख ७३ हजार ३५५ रुपैयाँ आम्दानी गरि रु. १ करोड ७८ लाख २१ हजार १५२ खर्च गरेको छ । यसबाट गत आ.व. मा रु. २९ लाख ४७ हजार ७९७ रुपैयाँ ऋणात्मक भएको देखिन्छ । परिवर्तन परियोजनाको बजेट अघिल्लो आ.व. मा प्राप्त भई आ.व. २०७९/८० मा खर्च भएको हुँदा यो रकम ऋणात्मक भएको हो ।

२.२ चालु आ.व. २०८०/८१ मा बजेट प्राप्त हुनसक्ने सम्भावित क्षेत्रलाई ध्यानमा राखि आ.व. २०८०/८१ को लागि रु. १ करोड २० लाख ८५ हजारको अनुमानित बजेट तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

३. प्रतिष्ठानको काममा सहयोग पुर्याउने साझेदार संस्था, सरकारी तथा गैरसरकारी निकाय, स्थानीय तह तथा समुदाय लगायत सबैलाइ धन्यवाद दिने निर्णय गरियो ।

४. प्रतिष्ठानको उन्नाईसौं वार्षिक साधारणसभाबाट देहायानुसार नयाँ कार्यसमिति चयन गरियो ।

अध्यक्ष, श्री महेश प्रसाद दहाल
उपाध्यक्ष, श्री रेश्मी राज पाण्डे
कोषाध्यक्ष, श्री कृष्ण चन्द्र नेउपाने
सदस्य, श्री याम कुमारी खतिवडा
सदस्य, श्री उद्धव प्रसाद तिमल्सेना
सदस्य, श्री मनोज खडका
सदस्य, डा. हिरा काजी घले